८३ औ बैठक

मिति २०७७ साल पौष २९ गते बुधबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>अन्य उपस्थिती :</u>

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री रामचन्द्र सुवेदी, शाखा प्रमुख

श्री अनिल सुवेदी, आ.ले.प. शाखा प्रमुख
खनाल

Scanned with CamScanner

**निर्णय नं. १** :

विषयगत समितिका तर्फबाट आएको देहायबमोजिमका प्रस्तावलाई आगामी आठौ नगरसभामा प्रस्तुत गर्ने :

➤ **विधायन समितिबाट** :

क) शुक्लागण्डकी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन,२०७७

ख) कृषि उपज संकलन केन्द्र संचालन निर्देशिका,२०७७

➤ सुशासन समितिबाट पेश भएको चालु आ.ब ०७७/७८ को प्रशासनीक खर्चतर्फ अपुग रकमलाई देहायबमोजिम शिर्षकबाट रकमान्तर गर्ने तथा अपुग रकम मौज्दात कोषबाट खर्च लेख्ने :

| क्र.स | विनीयोजीत कार्यक्रम/रकम | अपुग रकम |
|---|---|---|
| १ | फर्निचर | १० लाख |
| २ | करार सेवा | ३१ लाख |
| ३ | महगी भत्ता | ३ लाख ७० हजार |
| ४ | विमा तथा नवीकरण | २ लाख |
| ५ | छपाई | ५ लाख |
| ६ | सवारी साधन मर्मत | ५ लाख |
| ७ | पोशाक | १ लाख |
| ८ | परामर्श सेवा | ५ लाख |
| ९ | मेसिनरी औजार | ५ लाख |

रकमान्तर गर्न सकिने शिर्षक

| क्र.स | विनीयोजीत कार्यक्रम/रकम | रकमान्तर गर्न सकिने रकम |
|---|---|---|
| १ | भैपरी आउने खर्च | १२ लाख |
| २ | पदाधिकारी भ्रमण | ३ लाख |
| ३ | सरसफाई सेवा शुल्क | ८लाख ४५ हजार |
| ४ | संचार महशुल | ५ लाख |

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

➢ **पूर्वाधार विकास समिति :**

चालु आ.ब.०७७/७८ मा जिल्ला समन्वय समितिको मौज्दात कोष श्रोत अन्तर्गतका खानेपानी योजनाको देहायका योजनाहरुमा श्रोतान्तर कायम गर्ने,साथै चालु आ.ब मा योजना पुस्तिकामा समावेश भएका खानेपानी योजनाको भुक्तानी नगरपालिकाबाट गर्ने गरी श्रोतान्तर संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने :

| क्र.स | योजनाको नाम | कुल लागत | जिस.स मौज्दात कोषबाट बेहोर्ने | नपाले बेहोर्ने |
|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण,वडा नं. २,५ र७ | १,३९,९७,७१६ | ८३,९८,६३० | ५५,९९,०८६ |
| २ | नगरसभा हल निर्माण | ३०,००,००० | १८,००,००० | १२,००,००० |
| ३ | वडा कार्यालय भवन निर्माण,वडा नं. १,६ र १२ | ३०,००,००० | १८,००,००० | १२,००,००० |
| ४ | खानेपानी योजना वडा नं. ११ | २८,००,००० | २१,००,००० | ७,००,००० |
| ५ | खानेपानी योजना वडा नं. १२ | १७,००,००० | १२,७५,००० | ४,२५,००० |
| ६ | आईशोलशन वार्ड निर्माण | १५,००,००० | ९,००,००० | ६,००,००० |
| | कुल रकम | | १,६२,७३,६३० | ९७,२४,०८६ |

➢ वडा नं. ६ मा अवस्थित आयुर्वेद भवनको तारबारका लागि विनियोजन गरिएको रकम रु ५ लाखमध्येबाट भवनको मर्मतसंभार तथा स्तरोन्नती शिर्षकमा योजना संशोधन गर्ने ।

निर्णय नं. २ :

चालु आ.ब ०७७/७८ को लागि सडक बोर्ड नेपालबाट यस नगरपालिकालाई प्राप्त रकम रु ४५,०००००।– र नगरपालिकाको तर्फबाट बेहोर्ने १९२७६७– गरी हुन आउने कुल रकम रु ६४२८५७१।– बाट साखे–दुलेगौडा खण्डको जीर्ण सडकको स्तरोन्नतीका लागि खर्च गर्ने गरी योजना प्रक्रिया अघि बढाउने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ३ :**

यस नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी सहायक निरीक्षक १ जना र नगर प्रहरी जवान ४ जनाका लागि नगरकार्यपालिका र वडा कार्यालयमा कार्यरत करारका कर्मचारीले पाएको सुविधासरहको महगी भत्ता र प्रोत्साहन भत्ता यही माघ महिनादेखि उपलब्ध गराउने ।

**निर्णय नं. ४ :**

शुक्लागण्डकी नगरपालिकाभित्रका कृषकलाई सर्वसुलभ तरिकाले पशु सेवा उपलब्ध गराउन एक वडा एक प्राविधिकको प्रबन्ध गर्नका लागि सम्बन्धित वडाहरुबाट समेत कर्मचारीको माग भै आएको हुदा तत्कालका शु.न.पा वडा नं ९ का देवेन्द्र श्रेष्ठ र शु.न.पा वडा नं. २ का देवेन्द्र प्रसाद खनाललाई नायब पशु प्राविधिक,सहायकस्तर चौथो अनुसारको तलबअनुसार डोर हाजिरीमा कामकाज गर्ने गरी खटाउने ।

**निर्णय नं. ५:**

निजि जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, सङ्कलन तथा ढुवानी व्यवस्थित गर्ने कार्यविधि,२०७७ को दफा ६ को उपदफा ३ बमोजिम गठित कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा देहायका स्थानमा कार्यदलले तोकेको परिणामको सामान लाई कार्यविधिमा तोकेको राजश्व रकम नगरपालिकामा दाखिला गरी जग्गा व्यवस्थापनको अनुमति दिने ।

१.शु.न.पा वडा नं. २ बस्ने रमाकान्त भण्डारीको नाममा दर्ता कायम भएको सावीक उदेनढुंगा नक्शा नं. १/ङ कित्ता नं. ५ क्षेत्रफल २–०–०–०–० जग्गा मध्येबाट ०–८–०–० को खण्डमा पर्ने खण्ड,

२. शु.न.पा वडा नं. २ बस्ने भुवन रिमालको नाममा दर्ता कायम भएको सावीक उदेनढुंगा नक्शा नक्शा नं. २/छ कित्ता नं.१९० क्षेत्रफल ०–१२–२–१ जग्गा मध्येबाट ०–१२–२–१ को खण्डमा पर्ने खण्ड,

३. शु.न.पा वडा नं. २ बस्ने याम बहादुर रिमालको नाममा दर्ता कायम भएको सावीक उदेनढुंगा नक्शा नक्शा नं. २/छ कित्ता नं. १९१क्षेत्रफल ०–१२–२–१ जग्गा मध्येबाट ०–१२–२–१ को क्षेत्रमा पर्ने खण्ड ।

४. पाल्पा जिल्ला रामपुर नगरपालिका बस्ने माधव पौडेलको नाममा दर्ता कायम भएको सावीक उदेनढुंगा नक्शा नक्शा नं. १/ङ कित्ता नं. १५९७ क्षेत्रफल ०–१४–२–० जग्गा मध्येबाट ०–१४–२–० को क्षेत्रमा पर्ने खण्ड ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. शु.न.पा.९ निवासी भय बल्व भण्डारीको छोरा खेमराज सुवेदीको नाउँमा दर्ता कायम रहेको साविक ढोरफिर्दी नक्शा नं ७/ज कि.नं १३८ क्षेत्रफल २-१३-२-१ मध्येबाट ०-६-१-० को क्षेत्रमा पर्ने खण्ड ।

६. शु.न.पा.८ निवासी राम बहादुर मालको छोरा डुल बहादुर मालको नाउँमा दर्ता कायम रहेको साविक ढोरफिर्दी नक्शा नं ३/ढ कि.नं ५५८ क्षेत्रफल ०-१२-२-० को क्षेत्रमा पर्ने खण्ड ।

७. शु.न.पा.८ निवासी संसेरेको नाती तुल बहादुर कुमालको छोरा भिम बहादुर कुमाल नाउँमा दर्ता कायम रहेको साविक उदेनढुङ्गा नक्शा नं ३/ढ कि.नं १६३ क्षेत्रफल२-४-०-१ मध्येबाट ०-१४-०-१ को क्षेत्रमा पर्ने खण्ड ।

८. शु.न.पा.९ निवासी नेत्र बहादुर परियारको छोरा चोप ब. पयिारको नाउँमा दर्ता कायम रहेको साविक ढोरफिर्दी नक्शा नं ७/क कि.नं ३३८ क्षेत्रफल १-११-१-१ मध्येबाट ०-४-१-० क्षेत्रमा पर्ने खण्ड ।

९.शु.न.पा.८ निवासी लाल बहादुर खत्रीको छोरा दल ब. खत्रीको नाउँमा दर्ता कायम रहेको साविक ढोरफिर्दी नक्शा नं ७/क कि.नं २४८क्षेत्रफल ३-१-३-० मध्येबाट १-८-०-० को क्षेत्रमा पर्ने खण्ड ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णय नं. ६ :

चालु आ.ब. को प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका सम्वन्धमा देहायबमोजिम गर्ने :

क) **कामका लागि पारिश्रमिक मा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७** का दफा ५ को उपदफा ३ र **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६**को दफा २४ को उपदफा १मा बेरोजगार व्यक्तिको सुचीको पहिलो प्राथमिकताक्रमा रहेको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध हुने गरी आयोजना कार्यान्वयन गर्नु पर्ने प्रावधान भएको भएता पनि सो बमोजिम आयोजना कार्यान्वयन गर्न सम्भव नदेखिएकोले बेरोजगार व्यक्तिको वडागत सुचीको पहिलो प्राथमिकताक्रलाई आधार मानी एक सय दिनको रोजगारी उपलब्ध हुने गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।**युवा रोजगारीको लागि रुपान्तरण पहलआयोजना**कार्यान्वयनगर्दा १८ देखि ४० वर्ष उमेर समुहको र ६०% महिलाअनिवार्य हुनुपर्नेछ ।

ख)बेरोजगार व्यक्तिको वडागत सुचीको पहिलो प्राथमिकताक्रलाई आधार मानी एक सय दिनको रोजगारी उपलब्ध हुने गरी आयोजना कार्यान्वयनको लागी **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** अन्तरगतको (१००*५१७*१००) रु ५१,७०,००० र **युवा रोजगारीको लागि रुपान्तरण पहलआयोजना** अन्तरगतको (९१ *५१७*१००) रु ४७,०४,७०० गरी जम्मा रकम रु ९८,७४,७०० लाई सुचीकृत बेरोजगार व्यक्तिको सख्याको आधारमा वडाहरुमा देहायबमोजिम वाडँफाडँ गर्ने निर्णय गरियो ।

| | | | युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना | | | | मको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोज | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | वडा नं. | बेरोजगार व्यक्तिको संख्या | % | काममा खटिने बेरोजगार व्यक्तिको संख्या | ६०% महिला | बजेट | % बेरोजगार व्यक्तिको संख्या | काममा खटिने बेरोजगार व्यक्तिको संख्या | बजेट | जम्मा बजेट |
| १ | वडा नं. १ | १३९ | २३.६४ | २३ | १४ | १,१८९,१००.०० | २१.५१ | २२ | १,१३७,४००.०० | २,३२६,५००.०० |
| २ | वडा नं. २ | ३३ | ५.६१ | ६ | ३ | ३१०,२००.०० | ५.१०७ | ५ | २५८,५००.०० | ५६८,७००.०० |
| ३ | वडा नं. ३ | ६० | १०.२० | १० | ६ | ५१७,०००.०० | ९.२८६ | ९ | ४६५,३००.०० | ९८२,३००.०० |
| ४ | वडा नं. ४ | ११ | १.८७ | २ | १ | १०३,४००.०० | १.७०२ | २ | १०३,४००.०० | २०६,८००.०० |
| ५ | वडा नं. ५ | ० | ०.०० | ० | ० | - | ० | ० | - | - |
| ६ | वडा नं. ६ | २० | ३.४० | ३ | २ | १५५,१००.०० | ३.०९५ | ३ | १५५,१००.०० | ३१०,२००.०० |
| ७ | वडा नं. ७ | ४४ | ७.४८ | ७ | ४ | ३६१,९००.०० | ६.८१ | ७ | ३६१,९००.०० | ७२३,८००.०० |
| ८ | वडा नं. ८ | ३४ | ५.७८ | ६ | ४ | ३१०,२००.०० | ५.२६२ | ५ | २५८,५००.०० | ५६८,७००.०० |
| ९ | वडा नं. ९ | २२ | ३.७४ | ४ | २ | २०६,८००.०० | ३.४०५ | ४ | २०६,८००.०० | ४१३,६००.०० |
| १० | वडा नं. १० | ९३ | १५.८२ | १६ | १० | ८२७,२००.०० | १४.३९ | १४ | ७२३,८००.०० | १,५५१,०००.०० |
| ११ | वडा नं. ११ | ८६ | १४.६३ | १५ | ९ | ७७५,५००.०० | १३.३१ | १३ | ६७२,१००.०० | १,४४७,६००.०० |
| १२ | वडा नं. १२ | ४६ | ७.८२ | ८ | ५ | ४१३,६००.०० | ७.११९ | ७ | ३६१,९००.०० | ७७५,५००.०० |
| | | ५८८ | १००.०० | १०० | ६० | ५,१७०,०००.०० | ९१ | ९१ | ४,७०४,७००.०० | ९,८७४,७००.०० |

३)**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** र **युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनामा** बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध हुने गरी निम्न आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो । देहायका आयोजना सञ्चालन गर्दा कुनै आयोजनामा एक सय दिनको रोजगारी उपलब्ध गराउन नसकिएको अवस्थामा वडालाई

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

छुटाईएको बजेटमा सम्पन्न गर्न गरी नयाँ आयोजना थप गरी नगरकार्यपालिको वैठकबाट निर्णय गराई कार्यान्वयनगर्न सकिनेछ ।

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना**

| क स | वडा नं | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | मियागाउँ सिढीनिर्माण | |
| २ | २ | मगनपुरदगाम भुजिकोट नाला सरसफाई | |
| ३ | ३ | जनसेवा मोटरमार्ग मर्मतदुरचुङ बाट उढेनढुङ्गा सम्म | |
| ४ | ४ | हेल्थ पोष्ट देखि पुल्चोक शवदहन तथा सेती नदी हिलेपुलसम्म नाला सरसफाई | |
| ५ | ६ | खैरेनीटार तीनखोले देवी मोटरमार्ग नाला सरसफाई | |
| ६ | ७ | रक गार्डेन पैदल मार्ग निर्माण | |
| ७ | ८ | एकलेडाडाँ पैदल मार्ग निर्माण | |
| ८ | ९ | गुदुमदेखि ढोरमुल कोट सम्म पैदल मार्ग मर्मत | |
| ९ | १० | सप्त ऋषि मोटरमार्ग कच्ची नाला निर्माण | |
| १० | १० | वडाकार्यलय देखि मलागिरी कच्ची नाला निर्माण | |
| ११ | ११ | कालिकोटकोट मन्दिर जाने मार्ग | |
| १२ | ११ | वुचाखानी सिढी निर्माण | |
| १३ | १२ | लामागाउँ पैदल मार्ग निर्माण | |

**युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना**

| क स | वडा नं | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | गुवेखोला गैराथोक सिढी मर्मत | |
| २ | १ | आरुस्वारा गैराथोक सिढी मर्मत | |
| ३ | २ | मगनपुरदगाम भुजिकोट नाला सरसफाई | |
| ४ | ३ | जनसेवा मोटरमार्ग मर्मतजाम्दी खेलाबाट दुरचुङसम्म | |
| ५ | ४ | हेल्थ पोष्ट देखि पुल्चोक शवदहन तथा सेती नदी हिलेपुलसम्म नाला सरसफाई | |
| ६ | ६ | खैरेनीटार तीनखोले देवी मोटरमार्ग नाला सरसफाई | |
| ७ | ७ | रकगार्डेन पैदल मार्ग र खेल मैदान मर्मत | |
| ८ | ८ | एकलेडाडाँपैदल मार्ग मर्मत | |
| ९ | ९ | गुदुमदेखि ढोरमुल कोट सम्म पैदल मार्ग मर्मत | |
| १० | १० | ढोरबराहीमार्ग नाली सरसफाई | |
| ११ | ११ | डाडगाउँ ठामडाडाँ मार्ग मर्मत | |
| १२ | ११ | राईपुरबराही टोल सिढी मर्मत | |
| १३ | १२ | घरेडी लामागाउँ पैदल मार्ग मर्मत | |

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ७ :**

चालु आ.ब. का २०७७/७८ का नगर तथा वडास्तरीय योजनाहरुको संझौता मिति २०७७ माघ मसान्तसम्म कायम गर्ने ।

**निर्णय नं. ८ :**

चालु आ.ब ०७७/७८ मा सामाजिक विकासतर्फ लक्षित समुहतर्फ विनियोजन गरिएको कार्यक्रममध्ये ज्येष्ठ नागरिक,बालबालीका तथा अपाङ्गलक्षित कार्यक्रम संचालन गने ।

**निर्णय नं. ९ :**

चालु आ.ब ०७७/७८ मा वडा कार्यालयले पशु तथा कृषितर्फ विनियोजन गरेको योजना तथा कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. १० :**

शु.न.पा वडा नं. २ कोत्रे र पोखरा महानगरपालिका वडा नं. ३३ जोड्ने निर्माणाधीन पक्की पुल निर्माणकर्ताले ताहा निर्माणस्थल वरिपरीको मौज्दात नदीजन्य सामाग्री प्रयोग गरेको देखिएकोले निजलाई प्राविधिक ईष्टिमेटबमोजिमको रोयल्टी रकम अनिवार्य रुपमा नगरपालिकामा दाखिला गर्नको लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ११ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. ५ मा निर्माणाधीन फोहोरमैला व्यवस्थापन केन्द्रको संचालनार्थ प्रक्रियाबमोजिम छनोट भएको फर्म सँग निर्माण तथा संचालन लागत र सेवा अवधि तथा अन्य आवश्यक संझौताका शर्तहरुका सम्बन्धमा निर्णय गर्ने प्रस्ताव नगरसभामा प्रस्तुत गर्ने ।

**निर्णय नं. १२**

शुक्लागण्डकी नगरपालिका, नगर वातावरण संरक्षण ऐन, २०७७ बमोजिम शुक्लागण्डकी नगरपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा लगायत) उत्खनन तथा संकलनका लागि शुक्लागण्डकी नगरपालिका, नगर वातावरण संरक्षण ऐन, २०७७ को दफा ५ अनुसार स्वीकृत कार्यसूची समेतका आधारमा परामर्शदाता संस्था माता मनकामना पावर सप्लायर्स प्रा.लि. बाट तयार गरि वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण एवं व्यवस्थापन सम्बन्धमा गठीत सिफारिस समितिको सिफारिस अनुसार तपसील बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| सि | ठेगाना/नदी | अवस्थिति | जम्मा | बार्षिक उत्खनन | नदिजन्य |
|---|---|---|---|---|---|

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| .नं. | | घाट/नदि किनारा | तल्लो बिन्दु | माथिल्लो बिन्दु | परिमाण (घ.मि.) | परिमाण (७०%) (घ.मि.) | पदार्थको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | सेती / शुक्लागण्डकी - २ | कोत्रे दोभान | 28.090890° 84.078559° | निर्माणाधीन पक्कि पुल र झुलुंगे पुलको १०० मि. दुरी भित्र पर्ने भएकोले नेपाल सरकारको मापदण्ड बमोजिम उत्खनन् संकलन सिफारिस नगरिएको । पक्कि पुल निर्माण आयोजनाले सो क्षेत्रको नदिजन्य पदार्थ प्रयोग गरिरहेको देखिएकोले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ बमोजिम करको दायरामा ल्याउनुपर्ने । | | | |
| २ | सेती / शुक्लागण्डकी - ९ | पुडी घाट | 28.075374° 84.067866° | 28.077894° 84.070128° | 8250 | 7425 | ढुंगा=३०% ग्रावेल=४०% बालुवा=३०% |
| ३ | सेती / शुक्लागण्डकी - | क्याङ्दी दोभान | | 28.013814° 84.086450° | सामान्य मात्र deposit रहेको, निर्माणाधीन पक्कि पुल र झुलुंगे पुलको ५०० मि. दुरी भित्र पर्ने भएकोले नेपाल सरकारको मापदण्ड बमोजिम उत्खनन् संकलन सिफारिस नगरिएको । | | |
| ४ | कुम्ले खोला / शुक्लागण्डकी- ६, ७ | कुम्ले खोला | 28.016836° 84.097212° | 28.021540° 84.099393° | 5586 | 5027 | ढुंगा=२०% ग्रावेल=५०% बालुवा=३०% |
| ५ | सुरौदी खोला / शुक्लागण्डकी - ९, १२ | सुरौदी खोला-१ | 28.095801° 84.037961° | 28.095485° 84.036790° | 810 | 729 | ढुंगा=१०% ग्रावेल=६०% बालुवा=३०% |
| | | सुरौदी खोला-२ | 28.096209° 84.039755° | 28.096513° 84.039028° | 516 | 464 | ग्रावेल=५०% बालुवा=५०% |
| | | सुरौदी खोला-३ | 28.092032° 84.040000° | 28.094701° 84.041399° | 2250 | 2025 | ढुंगा=५% ग्रावेल=६०% बालुवा=४०% |
| | | सुरौदी खोला-४ | 28.091080° 84.039344° | 28.091664° 84.038973° | 1208 | 1087 | ग्रावेल=५०% बालुवा=५०% |
| | | सुरौदी खोला-५ (सखार) | 28.072376° 84.056468° | 28.073387° 84.055239° | 930 | 837 | ग्रावेल=६०% बालुवा=४०% |
| | | जम्मा | | | 11300 | 10169 | घ.मी. |
| ६ | क्याङ्दी खोला/ शुक्लागण्डकी - ८, १०, ११ र १२ | क्याङ्दी-१ (फँदी) | 28.055529° 83.989269° | 28.056777° 83.984390° | 461 | 323 | ढुंगा=६०% ग्रावेल=३०% बालुवा=१०% |
| | | क्याङ्दी-२ (डग्दी दोभान) | 28.045103° 83.992070° | 28.045604° 83.991055° | 1940 | पक्कि पुलको ५०० मि. भित्र पर्ने भएकोले नेपाल सरकारको मापदण्ड बमोजिम उत्खनन् संकलन सिफारिस नगरिएको | |
| | | क्याङ्दी-३ (जुडिखेत) | 28.044669° 83.996659° | 28.045915° 83.997071° | 2174 | 1957 | ढुंगा=२०% ग्रावेल=५०% बालुवा=३०% |
| | | क्याङ्दी-४ (सेप्लान) | 28.030749° 84.017300° | 28.029590° 84.014776° | 1450 | 1305 | ग्रावेल=५०% बालुवा=५०% |
| | | क्याङ्दी-५ | 28.029950° 84.018711° | 28.030620° 84.017662° | 630 | 567 | ग्रावेल=६०% बालुवा=४०% |
| | | क्याङ्दी-६ | 28.026697° 84.020738° | 28.027084° 84.020067° | 360 | 324 | ग्रावेल=६०% बालुवा=४०% |
| | | क्याङ्दी-७ | 28.025889° 84.024079° | 28.026380° 84.022749° | 864 | 778 | ग्रावेल=६०% बालुवा=४०% |

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | क्याङ्दी-८ | 28.022963°<br>84.029108° | 28.024816°<br>84.026614° | 2916 | 2624 | ग्रावेल=५०%<br>बालुवा=५०% |
| | | क्याङ्दी-९<br>(जरेबर) | 28.019704°<br>84.031455° | 28.020245°<br>84.029469° | 2800 | 2520 | ढुंगा=१०%<br>ग्रावेल=५०%<br>बालुवा=४०% |
| | | क्याङ्दी-१०<br>(लोकेटेटार) | 28.016636°<br>84.038746° | 28.018204°<br>84.037249° | 2034 | 1831 | ढुंगा=१०%<br>ग्रावेल=५०%<br>बालुवा=४०% |
| | | क्याङ्दी-११<br>(डुम्रे) | 28.022339°<br>84.052876° | 28.022309°<br>84.050700° | 2097 | 1887 | ढुंगा=१५%<br>ग्रावेल=४५%<br>बालुवा=४०% |
| | | क्याङ्दी-१२<br>(बैदिपानी) | 28.016930°<br>84.068402° | 28.018049°<br>84.066500° | 2360 | 2124 | ग्रावेल=६०%<br>बालुवा=४०% |
| | | क्याङ्दी-१३<br>(बैदिपानी) | 28.012618°<br>84.073110° | 28.013223°<br>84.071306° | 1710 | 1539 | ग्रावेल=६०%<br>बालुवा=४०% |
| | | **जम्मा** | | | **21796** | **17779** | **घ.मी.** |
| | | **कुल जम्मा** | | | **41346** | **35373** | **घ.मी.** |

**निर्णय नं १३ :**

शुक्लागण्डकी नगरपालिका, नगर वातावरण संरक्षण ऐन, २०७७ बमोजिम शुक्लागण्डकी नगरपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा लगायत) उत्खनन तथा संकलन सम्बन्धमा २०७७ कार्तिक ३ गतेको नगरकार्यपालिकाको बैठकबाट सेती नदीका विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भएकोमा उक्त प्रतिवेदनमा उल्लेखित शु.न.पा. ९ तालबेशीघाटको प्रारम्भिक वातवरणीय परीक्षण गर्दा नदीको वहावका कारण प्रतिवेदनमा समावेश हुन नसकेको तल्लो विन्दु देखि २२६ मि. तल्लो खण्डमा रहेको नदीजन्य पदार्थको परिमाण मापन गर्ने सम्बन्धमा प्राप्त प्रतिवेदनमा उल्लेखित ६४०३.०५ घ.मी. को ७०% ले हुन आउने ४४८२.१४ घ.मी. नदीजन्य पदार्थ बिक्रीका लागि देहाय बमोजिमको विकल्पका आधारमा व्यवस्थित गर्ने ।

१. तालबेशी घाटको नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि ठेक्का बन्दोवस्ती भै सकेकोमा उक्त घाट संचालकले कबोल गरेको अङ्कलाई आधार मानि बाँकी हुन आउने तल्लो खण्डको समेत उक्त घाट संचालकसँग सम्झौता गर्ने ।
२. विकल्प १ बमोजिम सम्झौता हुन नसकेमा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रियामा लैजाने ।

**निर्णय नं. १४ :**

नजि आवास पुनर्निर्माण तथा प्रवलिकरण लाभग्राहीहरुलाई पुनर्निर्माण सम्वन्धि समयसिमा तपशिल बमोजिम रहेकाले उक्त व्यहोरा यस बैठकमा जानकारी गराइयो ।

क. २०७७ मंसिर, मसान्त सम्म अनुदान सम्झौता गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख. २०७७ पौष १५ सम्ममा पहिलो किस्ता रकम लिई सक्नु पर्ने ।

ग. पहिलो किस्ता लिएका सबै पुनर्निर्माण लाभग्राहीहरुलाई निजि आवास पुनर्निर्माणको दोस्रो किस्ता रकम लिनका लागि २०७७ माघ मसान्त सम्ममा सम्बन्धित स्थानीय तहमा प्रमाणिकरणका लागि निवेदन दिनुपर्ने ।

सम्पूर्ण पुनर्निर्माण तथा प्रवलिकरण लाभग्राहीहरुले निजि आवास पुनर्निर्माण तेस्रो किस्ता तथा अन्तिम किस्ता रकम लिनका लागि २०७८ बैशाख मसान्त सम्ममा कम्तिमा छाना छाउने तह सम्मको कार्य सम्पन्न गरी सम्बन्धित स्थानीय तहमा प्रमाणिकरणका लागि निवेदन दिनुपर्ने छ ।

**निर्णय नं. १५ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. ३ निवासी एकल महिला सेती नेपालीको आवास संरक्षणका लागि माग निवेदन पेश गरेकोमा निजको आर्थिक अवस्था निकै कमजोर भएको हुदा आवास निर्माणका लागि प्रयोग हुने निर्माण सामग्री(सिमेन्ट ३० बोरा) खरिद बापतको रकम रु १८९०० रकम प्राकृतिक प्रकोप कोषबाट खर्च गर्ने गरी भुक्तानी गर्ने ।

**निर्णय नं. १६**

मिति २०७७ आश्विन २६ गते शु.न.पा वडा नं. ९ स्थित सुकमाया परियारको धानको कुन्युमा आगलागी भएको हुदा निजलाई प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु १५०००।– उपलब्ध गराउने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner